राष्ट्र र जनताप्रति प्रतिबद्ध
महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today
National Daily
राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३०१ | २०८३ असार ३० गते मंगलवार | (Tuesday, 14 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# मधेशका खाल्डा बन्यो बालबालिकाको 'मृत्यु जाल'

## बर्सेनि निल्दैछन् सय बढी बालबालिकाको ज्यान

**शैलेन्द्र महतो**

*जनकपुरधाम, असार २९ गते ।*

सिरहाको गोलबजार नगरपालिका-७ स्थित पुरानो चोक चोहर्वामा रहेको पशु हाटबजारनजिक खाल्डोमा जमेको पानीमा आइतबार एकै परिवारका तीन बालबालिका अस्ताए । मृत्यु हुनेमा कवाड तथा प्लास्टिकका टुक्रा संकलन गरेर जीविकोपार्जन गर्ने स्थानीय अवास शेख र सबिनाका १२ वर्षीया छोरी सबनम खातुन, १० वर्षीया छोरी रुबिना खातुन र ७ वर्षीय छोरा साइफुल शेख छन् ।

सबिना गोलबजारमा एक घर भाडामा लिएर पाँच सन्तानलाई साथै राखेर कवाड संकलन गर्दै परिवारको गुजारा चलाउँदै आइरहेकी थिइन् । उनका श्रीमान् शारीरिक रुपमा अशक्त भएकाले रौटहटस्थित घरमै छन् ।

आइतबार बिहानै खाना खाइसकेपछि जेठी छोरी सबनमसँग कवाड तथा प्लास्टिक संकलन गर्ने तयारी गरेकी थिइन् ।

विद्यालय बिदा भएकाले अरु छोराछोरी खेल्न बाहिर निस्किएका थिए । केहीबेरमै छोराछोरी पानी जमेको खाल्डोमा फसेको खबर पाइन् । रोइकराइ गर्न थालिन् । स्थानीय जुटिहाले, खोजी सुरु गर्न थाले । सुरुमा स्थानीयले एक जनामात्रै डुबेको खबर पाएका थिए । खोजी गर्दा अन्य दुई बालबालिकाको शव पनि सोही खाल्डोमा फेला पऱ्यो ।



जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार उक्त खाल्डो वर्षौंदेखि गाईवस्तुलाई पानी खुवाउन प्रयोग हुँदै आएको हो । करिब ५० फिट लम्बाइ, २५ फिट चौडाइ र ६ फिट गहिरो खाल्डोमा जमेको पानी हाटबजार लाग्ने दिन गाईवस्तुलाई पिउन दिइने गरिन्छ ।

सिरहाको यो घटना भएको केही घण्टाकै अन्तरालमा बाराको कलैया उपमहानगरपालिका-११ घोघडरियास्थित एक पोखरीमा ६ वर्षीया बालिका डुबिन् । साँझ करिब ६:३० बजे स्थानीय सन्तोष पासवानकी ६ वर्षीया छोरी राधिका कुमारी नुहाउने क्रममा पोखरीमौ डुबेकी थिइन् ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेका अनुसार परिवारका सदस्य र स्थानीयवासीले तत्काल उद्धार गरी उपचारका लागि प्रादेशिक अस्पताल कलैया पुऱ्याए पनि चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए ।

यसअघि १४ असारमा रौतहटको गढीमाइ नगरपालिका-१ स्थित बागमती नदीको घरैयाघाटमा डुबेर दुई बालकको मृत्यु भएको थियो ।

नदीमा बगिरहेको दाउरा निकाल्ने क्रममा ८ वर्षीय आदित्य यादव र ८ वर्षीय अनिकेस यादव डुबेर बेपत्ता भएका थिए । स्थानीयवासी र सुरक्षाकर्मीको टोलीले उनीहरूलाई उद्धार गरी अस्पताल पुऱ्याए पनि चिकित्सकले बचाउन सकेनन् ।

६ जेठ २०८२ मा धनुषाको कमला नगरपालिका-२ सराबे टोल नजिक नवनिर्मित कृषि सडकको खाल्डोमा डुबेर एकै घरका दुई बालकले ज्यान गुमाए । स्थानीय रामबाबु साहका ७ वर्षीय छोरा रितिक साह र उनका भाइ श्यामबाबु साहका ५ वर्षीय छोरा रितिश साह खेल्ने क्रममा बाटो निर्माणका लागि करिब ५ फिट गहिरो खनिएको खाल्डोमा पसे । तर कहिल्यै ननिस्किने गरी अस्ताए ।

कमला नगरपालिकाको १० लाख रुपैयाँको लागतमा कोटेशनमार्फत स्थानीय ठेकेदार राजेन्द्र मण्डलले आफ्नै खेतबाट सडक निर्माण गर्दा सम्झौताविपरीत खनेको गहिरो खाल्डो दुवै बालकको काल बन्यो ।

त्यसैगरी, २०८२ साउन २७ गते बिहान पर्साको ठोरी गाउँपालिका-२ हनुमाननगरका मनोज कठायतका ८ वर्षीय छोरा अंश र ४ वर्षीय छोरा आयंश घरबाट खेल्न निस्किएका थिए । घरदेखि करिब १५० मिटर टाढा रहेको ठोरी-१ र २ को बीचबाट बग्ने डेढु खोलामा खेल्ने क्रममा उनीहरू केही समयअघि डोजरले बालुवा निकालेको खाल्डोमा जमेको पानीमा नुहाउन पसे । तर कहिल्यै ननिस्किने गरी अस्ताए ।

यी घटनाहरू उदाहरण मात्र हुन् । मधेशका आठवटै जिल्लामा वर्षेनी डुबेर सयभन्दा बढी बालबालिकाले अकालमै ज्यान गुमाउनु परेको छ ।

**खाल्डोले बढाएको जोखिम**

विकास निर्माणका लागि खनेर छाडिएका खाल्डा, नदी तथा नदीकिनारमा जथाभावी ग्राभेल उत्खनन्पछि बनेका खाल्डामा जमेको पानी, माछापोखरी तथा अन्य जलाशयहरू अबोध बालबालिकाका लागि काल बन्दै गएका छन् ।

पछिल्ला चारवर्षको अवधिमा मधेशमा साढे चार सय बालबालिकाको यस्ता खाल्डा तथा पोखरीमा डुबेर ज्यान गएको प्रहरीको तथ्यांक छ । वर्षेनी सय बढी बालबालिकाको आकालमा डुबेर मृत्यु भइरहेको प्रहरीकै तथ्यांकले देखिन्छ ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म मात्र मधेश प्रदेशमा डुबेर १११ जना बालबालिकाको अकालमै ज्यान गएको छ । मृत्यु हुनेमध्ये ५७ जना बालक र ५४

*- बाँकी पृष्ठ ३ मा*

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**यस युवरानी एग्रो इन्डस्ट्रिज लिमिटेडका लागि तपसिलका पदहरुमा उर्जावान, लगशील र अनुभवी कर्मचारीहरुको आवश्यकता परेकोले योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट आवेदन आह्वान गरिन्छ ।**

| क्र.सं. | पद | संख्या | क्र.सं. | पद | संख्या |
|---|---|---|---|---|---|
| १ | एच.आर. (HR) | १ | ११ | खरिद संयोजक (Logistics Coordinator) | १ |
| २ | लेखा सहायक (Acct. Assist) | २ | १२ | सुपरभाईजर (Supervisor) | १० |
| ३ | मार्केटिङ अफिसर (Markting Executive) | १ | १३ | चालक (Driver) | २ |
| ४ | इलेक्ट्रिसियन (Electrician) | १ | १४ | बिक्री तथा बजार व्यवस्थापक (Sales and Marketing Manager) | ५ |
| ५ | प्लम्बर (Plumber) | १ | | | |
| ६ | ल्याब प्राविधिक (Lab Technician) | १ | १५ | फिड अपरेटर (Feed Operation) | १ |
| ७ | ब्वाइलर अपरेटर (Boiler Operatior) | १ | १६ | सुरक्षा गार्ड (Serurity Guard) | १ |
| ८ | साधारण कामदार (General Worker) | २० | १७ | सरसफाई कर्मचारी (Cleaner) | १ |
| ९ | पशु चिकिस्तक (Veterinarian) | १ | १८ | कार्यालय सहयोगी (Office Boy) | १ |
| १० | खरिद तथा आपूर्ति प्रबन्धक (Logistics Manager) | १ | १९ | कुक (Cook) | २ |
| | | | २० | स्टोर इन्चार्ज (Store in Charge) | २ |

**आवश्यक योग्यता तथा अनुभव :**

- सम्बन्धित पदमा कार्य अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ ।
- प्राविधिक पदहरुका लागि सम्बन्धित विषयमा शैक्षिक योग्यता वा तालिम प्राप्त हुनुपर्नेछ ।
- इच्छुक उम्मेदवारहरुले आफ्नो अद्यावधिक गरिएको बायोडाटा (CV) र नागरिकताको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले (७) दिन भित्र कम्पनीको कार्यालय वा इमेलमार्फत आवेदन दिन सक्नेछ ।

सम्पर्क :
**युवरानी एग्रो इन्डस्ट्रिज लिमिटेड**
गौशाला नगरपालिका-१, महोत्तरी, नेपाल
मो.नं. : ९७०२८२०५८०, ९८०१६७५२१२, ९८०१६७५२१६,
इमेल : careers.yuwaraniagro@gmail.com

# जलन उपचार केन्द्र सबै प्रदेशमा विस्तार गर्न प्रधानमन्त्रीको निर्देशन

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, असार २९ गते ।*

प्रधानमन्त्री बालेन्द्र शाहले सातै प्रदेशमा सुविधासम्पन्न 'बर्न'(जलन) उपचार केन्द्र स्थापनाको योजना तत्काल अघि बढाउन निर्देशन दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिसँगको छलफलका क्रममा प्रधानमन्त्री बालेनले प्रमुख सरकारी अस्पतालमा बर्न वार्ड सुदृढीकरणका लागि पनि आवश्यक योजना अघि बढाउन निर्देशन दिएका हुन् ।



उनले गम्भीर प्रकृतिका जलनका बिरामीले समयमै गुणस्तरीय उपचार पाउने व्यवस्था सुनिश्चित गर्न सङ्घ, प्रदेश र सम्बन्धित स्वास्थ्य संस्थाबीच आवश्यक प्रभावकारी समन्वय गर्न सुझाव दिए ।

गुणस्तरीय, प्रभावकारी तथा नागरिकमैत्री स्वास्थ्य सेवा सरकारको उच्च प्राथमिकतामा रहेको उल्लेख गर्दै अस्पतालमा सरसफाइ, सेवा प्रवाहमा सुधार, 'डिजिटल' प्रविधिको प्रयोग र सुशासनको प्रभावकारी कार्यान्वयन

*- बाँकी पृष्ठ ३ मा*

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# मिटरब्याज पीडितले न्याय पाऊन्

मिटरब्याज पीडितहरू फेरि सडकमा छन् । सयौं किलोमिटर पैदल यात्रा गर्दै राजधानी पुग्ने उनीहरूको बाध्यता लोकतान्त्रिक राज्यका लागि गौरवको होइन, गम्भीर प्रश्नको विषय हो । वर्षा, गर्मी, सुन्निएका पैताला र खुट्टाभरि फोकासमेत सहेर न्याय माग्न हिंडिरहेका नागरिकले सरकारको संवेदनशीलता र राज्य संयन्त्रको प्रभावकारितामाथि प्रश्न उठाइरहेका छन् ।

मिटरब्याजको समस्या आर्थिक लेनदेनको विवाद मात्रै होइन । यो कानुनी कमजोरी, प्रशासनिक निष्क्रियता र सामाजिक शोषणको परिणाम हो । विगतमा सरकारसँग पटक-पटक भएका सम्झौता, आयोग गठन र आश्वासनका बाबजुद हजारौं पीडितले न्याय पाउन नसक्नु राज्यको कमजोर कार्यसम्पादनको प्रमाण हो । आयोग बनाउने, प्रतिवेदन बुझ्ने र आन्दोलन साम्य पार्ने पुरानै शैलीले अब समस्या समाधान हुँदैन ।

यसबीच वास्तविक पीडितले सम्पत्ति गुमाइरहेका छन् भने प्रभावशाली मिटरब्याजीहरू कानुनी प्रक्रियाकै आडमा उम्किने प्रयास गरिरहेका छन् भन्ने गुनासो गम्भीर छ । यदि यस्तो अवस्थालाई समयमै नियन्त्रण गर्न सकिएन भने नागरिकको न्याय प्रणालीप्रतिको विश्वास थप कमजोर हुनेछ ।

सरकारले आन्दोलनकारीलाई केवल वार्तामा बोलाएर दायित्व पूरा भएको ठान्नु हुँदैन । विगतका सहमति कार्यान्वयनको सार्वजनिक समीक्षा, फर्जी तमसुक र अवैध लिखतको कानुनी निराकरण, प्रभावकारी न्यायिक संयन्त्र तथा दोषीमाथि निष्पक्ष कारबाही अब ढिलो गर्न नहुने काम हुन् । साथै, ग्रामीण क्षेत्रमा सहज र सुलभ संस्थागत ऋणको पहुँच विस्तार गरी नागरिकलाई साहु-महाजनको चंगुलमा पर्न नदिने दीर्घकालीन नीति पनि आवश्यक छ ।

लोकतन्त्रको मापन सिंहदरबारसम्म नागरिकको आवाज पुग्यो कि पुगेन भन्ने होइन, नागरिकलाई न्याय खोज्न सिंहदरबारसम्म पैदल हिँड्न नपर्ने अवस्था सिर्जना गर्न सकियो कि सकिएन भन्ने हो ।

## राशिफल

मेष - रोकिएको काम बन्ने ।
वृष - दिन सहज रुपमा बित्नेछ।
मिथुन - हतारमा निर्णय नगर्नु राम्रो हुनेछ ।
कर्कट - दिनभरी व्यस्तता रहनेछ ।
सिंह - सम्मान बढ्ने।
कन्या - मन हल्का हुने ।
तुला - निम्तो आउन सक्छ।
वृश्चिक - रमाइलोमा दिन बित्ने।
धनु - यात्राको योग छ।
मकर - दिन सन्तुलित रहनेछ ।
कुम्भ - उत्साहमा वृद्धि हुनेछ ।
मिन - सहकार्यले सफलता दिलाउनेछ ।

# हात्तीको स्वभावमा बहस : 'रिस र प्रतिशोध राख्न सक्छ'

राष्ट्रिय समाचार समिति

*चितवन, असार २९ गते ।*

बोटे परिवारका चार जनाको चितवन राष्ट्रिय निकुञ्जको जङ्गली ध्रुवे हात्तीको आक्रमणबाट अकालमा निधन भएपछि हात्तीको स्वभावका विषयमा बहस थालिएको छ ।



विज्ञहरूले हात्तीले रिस साँध्ने भए पुस्तौँसम्म रिस साँध्छ भन्ने विषयमा भने उनीहरू स्पष्ट छैनन् । हात्तीले रिस साँध्ने र वैमनश्यता राख्ने भए पनि यो कति समयसम्म रहन्छ भन्ने यकिन हुन सकेको छैन ।

ध्रुवेले गत शनिबार राति भरतपुर महानगरपालिका-२३ मा आमा छोराको ज्यान लिएको थियो । शनिबार राति घरमै बसिरहेका बेला अचानक जङ्गलबाट आएको ध्रुवेले २१ वर्षीया आशिका बोटे र चार वर्षीय छोरा भरत बोटेको अकालमा मृत्यु थियो । हात्ती धपाउन आशिकाका श्रीमान् पुनु बोटेले आगो बाल्न खोज्दा घर नै जलेर नस्ट समेत भएको थियो । पुनु बोटेका हजुरबा र हजुरआमालाई यही ध्रुवे हात्तीले २०६९ सालमा माडीको द्रौपतीनगरमा यसरी नै आक्रमण गरेर मारेको थियो ।

केराबारीको बीचमा खरको सानो घर भएका बोटे दम्पतीको ध्रुवेले आक्रमण गरी मारेको निकुञ्जको तथ्याङ्कमा उल्लेख छ । एक परिवारका चार जनाको १४ वर्षको फरकमा ज्यान लिएपछि हात्तीले प्रतिशोध लिएको त होइन भन्ने प्रश्न उब्जिएको हो ।

हात्तीका विषयमा विद्यावारिधि गरेका बर्दिया राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा. अशोक राम हात्तीले आफूप्रति नकारात्मक मानिस पहिचान गरेर आक्रमण गर्ने गरेको बताउँछन् ।

उनले भने, 'हात्ती अत्यन्तै बुद्धिमान प्राणी भएकाले आफूलाई चोट पुऱ्याउने वा नकारात्मक व्यवहार गर्ने व्यक्तिलाई चिन्न सक्छ ।' उनी हात्तीले 'इगो' वा 'रिस' राख्न सक्ने व्यवहार देखाए पनि त्यसलाई पुस्तान्तरण हुने वैमनश्यताको रूपमा व्याख्या गर्न नमिल्ने बताउँछन् ।

उनले हात्तीलाई कसैले ढुङ्गा हाने, दुःख दियो वा सतायो भने उसले त्यही व्यक्तिलाई लक्ष्य बनाएर आक्रमण गर्न सक्ने बताउँदै भने, 'तर एउटा पुस्तापछि अर्को पुस्तालाई त्यही कारणले आक्रमण गर्छ भन्ने आधार छैन । यस्तो सम्बन्ध पुष्टि गर्ने प्रमाण भेटिएको छैन ।'

राम हात्तीले मानिसको व्यवहार र भावनासमेत बुझ्न सक्ने क्षमता राख्ने बताउँछन् । निकुञ्जमा लामो अनुभवसँगै अध्ययन गरेका रामले भने, 'त्यसैले नकारात्मक व्यवहार गर्ने व्यक्तिलाई पहिचान गरेर प्रतिक्रिया दिन सक्ने सम्भावना रहन्छ ।'

उनले निकुञ्जमा भएको एउटा घटनाको उदाहरण दिँदै भने, 'एक जना गेम स्काउटले हात्तीलाई ढुङ्गा हानेका थिए । त्यसको भोलिपल्ट हात्ती आएर उसैको कोठा खोज्दै झ्याल फुटाउने, सामान फाल्ने काम गऱ्यो, अरूलाई भने केही गरेन ।'

यसले हात्तीले आफूलाई दुःख दिने व्यक्तिलाई सम्झन सक्ने देखाएको उनी बताउँछन् । हात्तीले दुःख दिएपछि क्षमा पूजा गरिएको जनाउँदै उनले त्यसपछि मात्रै उक्त व्यक्ति बसेको कोठामा हात्ती आउन छाडेको बताए ।

हात्तीले आफू नजिक रहेको व्यक्तिले आफूप्रति कस्तो सोचेको छ भन्नेबारेमा बुझ्न सक्ने क्षमता भएकाले यसलाई गणेशको रुपमा समेत पूजा गर्ने गरिएको उनले बताए ।

राष्ट्रिय निकुञ्जहरूमा प्रमुख संरक्षण अधिकृतको रुपमा लामो समय अनुभव सँगालेका हात्ती विज्ञ डा. नरेन्द्रमानबाबु प्रधान पनि हात्तीले रिस राख्न सक्ने सम्भावना स्वीकार गर्छन् ।

केही घटनाले त्यस्तो सङ्केत गरे पनि सीमित घटनाका आधारमा निश्चित निष्कर्ष निकाल्न नसकिने उनको भनाई छ । हात्तीले रिस सँगाल्ने भए पनि लामो समय रिस राख्ने कुरामा यकिन गर्न नसकिएको उनको भनाई छ ।

उनले अगाडि भने, 'हात्तीले रिस साँध्न सक्छ भन्ने देखिन्छ । तर कुनै एउटा घटनालाई आधार बनाएर १४ वर्षपछि पनि त्यही परिवारमाथि आक्रमण गऱ्यो भनेर ठोकुवा गर्न गाह्रो हुन्छ, ।'

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुन हात्तीको स्मरण शक्ति बलियो हुने भएकाले आफूलाई दुःख दिने व्यक्तिप्रति रिस राख्ने व्यवहार देखाउने गरेको बताउँछन् । उनले माउतेमाथि हात्तीले गरेको आक्रमणका घटना चितवन, बर्दियालगायतका स्थानमा भएको उल्लेख गरे ।

उनले भने, 'हात्तीले बाटो, स्थान र व्यक्तिसमेत सम्झने क्षमता राख्छ । त्यसैले रिसको व्यवहार देखिन सक्छ । तर एउटै परिवारका पुस्तामाथि आक्रमण गर्नुको कारण यही हो भनेर भन्न सकिने अवस्था छैन ।'

हात्ती हिँडडुल गरिरहने क्षेत्रमा घर भएका कारण पनि ती क्षेत्रहरूमा हात्तीको आक्रमण भइरहेको उनको भनाइ छ । बोटे परिवारको माडी र भरतपुरको बेलहट्टामा भएका दुवै घर हात्ती हिँड्ने क्षेत्रमा पर्ने भएकाले संयोग भएको हुन सक्ने उनी बताउँछन् । यद्यपि आफूलाई हानि पुऱ्याउन खोज्ने मानिसलाई आक्रमण हात्तीले गर्ने उनको भनाइ छ ।

हात्ती प्रजनन एवं तालिम केन्द्र सौराहाका प्रमुख मणिपुरण चौधरी हात्ती रिसाहा स्वभावको हुने बताउँछन् । आफ्नो हजुरबा, बुबा, आफू र छोरासमेत हात्ती प्रजनन केन्द्रमा काम गर्दै आएको भन्दै उनले रिस उठेपछि आफ्नै माउतीलाई पनि हात्तीले नछाड्ने गरेको उदाहरण दिए । उनले भने, 'हात्ती रिसाहा स्वभावको हुन्छ, आफूलाई नराम्रो गर्ने व्यक्तिलाई अवसर हेरेर आक्रमण गर्न सक्छ ।' झण्डै १८ वर्ष अघि एउटा घटना स्मरण गर्दै उनले माउते गोदीलाल चौधरीलाई निकुञ्जले पालेको वीरेन्द्रप्रसाद हात्तीले निकुञ्जभित्र आक्रमण गरेर मारेको बताए । यस्ता घटना अधिकांश निकुञ्जमा हुने गरेको भन्दै उनले घरपालुवा हात्तीसमेत रिसाउँदा क्रूर हुने भन्दै जङ्गली हात्ती झनै आक्रामक र रिस साँध्ने बताउँछन् ।

बच्चा हात्तीमा समेत चर्को रिस हुने उनले बताए । उनले भने, 'तालिम दिने क्रममा पनि सुरुमा निकै रिसाउँछ । फकाएर, समय दिएर मात्र तालिम दिन सकिन्छ । आफूलाई दुःख दिने व्यक्तिलाई भने उसले सम्झेर आक्रमण गर्न सक्छ ।'

# सञ्चार क्षेत्रको अवस्था, चुनौती र आगामी...

व्यावसायिक बनाउन सञ्चार मन्त्रालय प्रतिबद्ध रहेको स्पष्ट गर्दै सञ्चारमन्त्रीले मिडिया क्षेत्रसँग सम्बन्धित सबै सरोकारवाला पक्षबाट यसमा सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे । उनले पत्रकारिता जगतले आफ्नो गरिमा, विश्वसनीयता र सामाजिक दायित्व कायम राख्न सक्नुपर्नेमा जोड दिए ।

उनले सञ्चार क्षेत्रलाई कसरी सुदृढ र मर्यादित बनाउने भन्ने विषयमा सरकारले आवश्यक नीतिगत, कानुनी तथा संस्थागत सुधारका काम अघि बढाइरहेको जानकारी दिए । गलत, भ्रामक तथा नियोजित रूपमा फैलाइने गलत सूचना, कृत्रिम बुद्धिमत्तामार्फत तयार गरिने नक्कली सामग्री (डिपफेक) तथा झुटा र सनसनीपूर्ण समाचारको प्रकासन एवं प्रसारण बढिरहेकामा चिन्ता व्यक्त गर्दै सञ्चारमन्त्री डा. तिमिल्सिनाले सञ्चार क्षेत्रमा देखिएको यसकिसिमको गम्भीर चुनौतीको समाधानका लागि सहकार्य हुन आवश्यक छ भने ।

सञ्चारमन्त्रीले विद्यमान नीति तथा कानुनमा सुधार गरी संस्थागत व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गरी सूचना तथा प्रविधिको क्षेत्रमा देखिएका चुनौतीको समाधान गरिने स्पष्ट गरे । प्रभावकारी नभएका कानुनी व्यवस्थाको पहिचान गरी आवश्यक संशोधन तथा परिमार्जन गर्ने काम सुरु भएको बताउँदै उनले भने, "आमसञ्चार विधेयक र मिडिया काउन्सिल विधेयकको मस्यौदामाथि छलफल सुरु भइसकेको छ । सरोकार भएका सबै पक्षबाट प्राप्त हुने रायसुझावका आधारमा ती विधेयकलाई समयानुकुल र व्यावहारिक बनाइने छ । त्यस प्रक्रियामा मिडिया जगतबाट सहयोग प्राप्त हुने विश्वास लिएको छु ।"

छलफलका क्रममा डिजिटल मिडिया सोसाइटीका पदाधिकारीहरूले प्रेस काउन्सिलको भूमिका पछिल्लो समय कमजोर बन्दै गएको टिप्पणी गर्दै सञ्चार क्षेत्रको प्रभावकारी नियमन, आत्मअनुशासन र आचारसंहिताको कार्यान्वयनलाई सुदृढ बनाउन काउन्सिललाई थप प्रभावकारी बनाउनुपर्ने धारणा राखेको थिए ।

प्रेस काउन्सिलको कमजोर भूमिकाका कारण पत्रकार तथा सञ्चारमाध्यमको संरक्षण, नियमन र व्यावसायिक अभ्यासमा समस्या देखिएको तथा त्यसले सञ्चार माध्यमप्रतिको सार्वजनिक विश्वाससमेत कमजोर बनाएको उनीहरुको भनाइ थियो । डिजिटल मिडिया सोसाइटीले पत्रकारिता आचारसंहिताको प्रभावकारी पालना गराउनुपर्ने, सञ्चार माध्यमहरूले जिम्मेवार पत्रकारितालाई प्राथमिकता दिनुपर्ने तथा विज्ञापन बजारमा देखिएको अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गर्न नीतिगत हस्तक्षेप आवश्यक रहेको सुझावसमेत दिएको थियो ।

छलफलमा सञ्चार क्षेत्रको विश्वसनीयता अभिवृद्धि, डिजिटल पत्रकारिताको संस्थागत विकास, सञ्चार माध्यमको दिगोपना तथा बदलिँदो सूचना प्रविधिसँग मेल खाने कानुनी र नीतिगत संरचना निर्माणका विषयमा समेत छलफल भएको थियो ।

# फोहोरको थुप्रो खस्दा ९ जनाको मृत्यु

एजेन्सी

*नयाँ दिल्ली, असार २९ गते ।*

भारतको पश्चिमी क्षेत्रमा रहेको फोहोरबाट ऊर्जा उत्पादन गर्ने केन्द्रमा भारी वर्षापछि फोहोरको थुप्रो खस्दा ९ जना कामदारको मृत्यु भएको छ। केन्द्रका सञ्चालकले सोमबार जारी गरेको विज्ञप्तिमार्फत घटनाबारे जानकारी दिएका हुन्।



भारतमा जुनदेखि सेप्टेम्बरसम्म रहने मनसुन अवधिमा भारी वर्षाका कारण भवन तथा पूर्वाधारसम्बन्धी दुर्घटनाहरू हुने गरेका छन्। लामो समयको वर्षाले कमजोर संरचना भत्किने वा पहिरो जाने जोखिम बढाउने गर्छ।

गत बुधबार पुणे सहरको बाहिरी क्षेत्रमा रहेको 'एन्टोनी वेस्ट' फोहोर प्रशोधन केन्द्रमा दुर्घटना भएको हो। नजिकै रहेको ल्यान्डफिल (फोहोर विसर्जन स्थल) बाट हजारौँ टन फोहोर खस्दा प्रशासनिक भवनमा रहेका २३ जना व्यक्ति पुरिएका थिए । कम्पनीले जारी गरेको विज्ञप्तिमा निरन्तरको वर्षाका कारण ल्यान्डफिल अस्थिर बनेपछि फोहोर खसेर भवनमा क्षति पुगेको उल्लेख गरिएको छ । घटनामा नौ जनाको मृत्यु भएको र १४ जनालाई जीवितै उद्धार गरिएको कम्पनीले जनाएको छ।

उद्धार टोलीले वर्षाका कारण कठिन परिस्थितिमा काम गर्नुपरेको र भग्नावशेषमुनि फसेकाहरूको उद्धारमा चुनौती भएको अधिकारीले बताएका छन्। संरचनागत तथा सुरक्षासम्बन्धी जाँच पूरा नभएसम्मका लागि केन्द्रको सञ्चालन अस्थायी रूपमा रोकिएको छ।

वैज्ञानिकहरूका अनुसार जलवायु परिवर्तनका कारण भारतमा अतिवृष्टि, गर्मी तथा अन्य चरम मौसमी घटनाको आवृत्ति र तीव्रता बढ्दै गएको छ। मौसमविद्हरूले यस वर्ष सम्भावित शक्तिशाली 'एल निनो' मौसमी प्रभावले भारतको सामान्य मौसमी चक्रमा समेत असर पार्न सक्ने बताएका छन्।

# धार्मिक आस्थादेखि पर्यटन समृद्धितर्फ...

सभ्यता, इतिहास, भाषा, साहित्य र संस्कृतिसँग जोडिएको छ। यसको अन्तर्राष्ट्रिय पहिचान स्थापित गर्न अनुसन्धान, अभिलेखीकरण र प्रभावकारी प्रचारप्रसार आवश्यक रहेको सरोकारवालाको भनाइ छ। धार्मिक पर्यटनसँगै शैक्षिक तथा अनुसन्धान पर्यटनको विकासमा पनि जनकपुरधामको ठूलो सम्भावना रहेको छ । धार्मिक पर्यटनले स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पारेको छ। होटल, लज, रेस्टुरेन्ट, यातायात, धार्मिक सामग्री, हस्तकला, मिथिला चित्रकला, फूलमाला, प्रसाद, स्थानीय मिठाई तथा साना व्यवसाय धार्मिक पर्यटककै कारण फस्टाउँदै गएका छन् भने हजारौँ स्थानीयले प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी पाएका छन्।

जनकपुरधाम आउने पर्यटकको यकिन तथ्यांक उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयसँग छैन। मन्त्रालयका सचिव जयकुमार घिमिरेका अनुसार पर्यटक आगमनको एकीकृत र अद्यावधिक अभिलेख प्रणाली नहुँदा आधिकारिक तथ्यांक उपलब्ध गराउन कठिनाइ भएको छ । पर्यटकको यथार्थ तथ्यांक संकलन, अभिलेखीकरण तथा पर्यटन व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाउने दिशामा मन्त्रालयले आवश्यक पहल गरिरहेको उनले बताए । उद्योग वाणिज्य संघ जनकपुरधामका अध्यक्ष सुरेन्द्र भण्डारीले धार्मिक पर्यटन स्थानीय व्यापार र सेवा क्षेत्रको मेरुदण्ड बनेको बताए । गुणस्तरीय होटल, आधुनिक सुविधा र व्यवस्थित बजार विकास गर्न सके पर्यटकको बसाइ अवधि बढाउन सकिने उनको भनाइ छ।

सार्वजनिक-निजी साझेदारीमार्फत पर्यटन क्षेत्रमा लगानी विस्तार गर्नुपर्नेमा उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका सल्लाहकार मनिषरमण साहले जोड दिए । धार्मिक पर्यटनलाई उद्योग, व्यापार, स्थानीय उत्पादन र रोजगारीसँग जोड्न सके मधेश प्रदेशको आर्थिक समृद्धिमा ठूलो योगदान पुग्ने उनले बताए।

विवाहपञ्चमी, रामनवमी, छठ, सीता नवमी तथा अन्य धार्मिक पर्वका बेला होटलहरूको 'अकुपेन्सी' उल्लेख्य रूपमा बढ्ने गरेको बताइन्छ। जनकपुरधाममा आउने स्वदेशी तथा विदेशी पर्यटकको बसाइ अवधि लम्ब्याउन गुणस्तरीय सेवा, पर्याप्त आवास, आधुनिक सुविधा र पर्यटनमैत्री वातावरण आवश्यक रहेको सरोकारवालाको भनाइ छ । जनकपुरधामलाई धार्मिक पर्यटनसँगै सांस्कृतिक तथा सम्मेलन पर्यटनको केन्द्रका रूपमा विकास गर्न सके होटल व्यवसायसहित समग्र स्थानीय अर्थतन्त्रले थप गति लिने विश्वास व्यक्त गरिएको छ । जनकपुरधाममा पार्किङ, सूचना केन्द्र, बहुभाषिक पर्यटक मार्गदर्शक, सरसफाइ, डिजिटल सूचना प्रणाली, हरियाली संरक्षण तथा आधुनिक पूर्वाधार विस्तारमा अझै काम गर्नुपर्ने आवश्यकता रहेको औंल्याइएको छ । धार्मिक सम्पदाको संरक्षणसँगै आधुनिक व्यवस्थापनलाई प्राथमिकता दिन सके जनकपुरधाम दक्षिण एसियाकै उत्कृष्ट धार्मिक पर्यटन गन्तव्य बन्न सक्ने जनाइएको छ।

धार्मिक आस्था, मिथिला सभ्यता, ऐतिहासिक सम्पदा, सांस्कृतिक विविधता, स्थानीय आतिथ्य र बढ्दो पूर्वाधार विकासका कारण जनकपुरधाम नेपालको पर्यटन क्षेत्रको उज्ज्वल भविष्य बोकेको नगरीका रूपमा स्थापित हुँदै गएको छ।

धार्मिक पर्यटनलाई दिगो विकास, रोजगारी सिर्जना, सांस्कृतिक संरक्षण र आर्थिक समृद्धिसँग जोड्न सके जनकपुरधामले नेपालको पर्यटन क्षेत्रमा अझ महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास गरिएको छ।

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी ☎ ९८४४३१२२४६

(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुन्निने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने।

# जलन उपचार केन्द्र सबै प्रदेशमा...

गर्न पनि प्रधानमन्त्री बालेनले ध्यानाकर्षण गराए।

प्रधानमन्त्री शाहले विपन्न, असहाय तथा आर्थिक रूपमा कमजोर नागरिकको स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न निजी अस्पतालले बहिरङ्ग (ओपिडी) सेवाको कम्तीमा १० प्रतिशत सेवा सहुलियतपूर्ण रूपमा उपलब्ध गराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न निर्देशन दिए।

एउटा स्वास्थ्य संस्थाले विकास गरेका उत्कृष्ट र असल अभ्यासलाई अन्य संस्थाले पनि साझेदारी र सिकाइका माध्यम बनाउन सुझाव दिँदै प्रधानमन्त्री बालेनले प्रतिष्ठानका नाममा रहेको जग्गा अतिक्रमणको विषय सम्बन्धित निकायसँग समन्वय गरी कानुनबमोजिम समाधानका लागि पहल गरिने बताए।

छलफलका क्रममा उपकुलपतिहरूले चिकित्सा शिक्षाको गुणस्तर अभिवृद्धि, स्वास्थ्य सेवा प्रवाहमा सुधार, अस्पतालको सरसफाइ, विशेषज्ञ स्वास्थ्य सेवा विस्तार, दक्ष स्वास्थ्य जनशक्ति व्यवस्थापन, अनुसन्धान प्रवर्द्धन र पूर्वाधार विकाससम्बन्धी सुझाव प्रस्तुत गरेका थिए।

उनीहरूले स्वास्थ्य सेवामा 'डिजिटल' रूपान्तरण, अस्पताल सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन तथा केही प्रतिष्ठानका नाममा रहेको जग्गा अतिक्रमणका कारण संस्थागत विकासमा परेको प्रभावबारे प्रधानमन्त्रीसमक्ष जानकारी गराए।

त्यस अवसरमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राडा नवीसमान सिंह प्रधान, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राडा अजयकुमार मिश्र, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राडा नारायणसिंह गुरुङ, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका उपकुलपति डा स्मृति काफ्ले तथा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका उपकुलपति विवेक आचार्य सहभागी थिए।

# मधेशका खाल्डा बन्यो बालबालिकाको...

जना बालिका छन्। सबैभन्दा बढी रौतहटमा २४ जना बालबालिकाको डुबेर मृत्यु भएको छ । त्यहाँ १३ जना बालक र ११ जना बालिकाले ज्यान गुमाएका छन्।

त्यसैगरी, सप्तरीमा ६ बालिकासहित १७ जना, सिरहामा ७ बालिकासहित १६ जना, धनुषा र सर्लाहीमा १३-१३ जना बालबालिकाको डुबेर मृत्यु भएको छ। धनुषामा ८ जना बालिका र ५ जना बालक तथा सर्लाहीमा ८ जना बालक र ५ जना बालिकाले ज्यान गुमाएका छन्।

यस्तै, महोत्तरीमा ७ जना बालिका र ५ जना बालक गरी १२ जना, बारामा ६ जना बालक र ५ जना बालिका गरी ११ जना तथा पर्सामा ५ जना बालकको डुबेर मृत्यु भएको मधेश प्रदेश प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख छ । यसअघि आर्थिक वर्ष २०८१/८२ मा पनि डुबेर १५० जना बालबालिकाको मृत्यु भएको थियो । तीमध्ये ९६ जना बालक र ५४ जना बालिका थिए । यसरी आ.व. ७८।०७९ देखि चालु आ.व. २०८२।०८३ सम्म ४५३ बालबालिकाको मधेशमा डुबेर मृत्यु भएको प्रहरीको तथ्यांकमा देखिन्छ।

चालु आर्थिक वर्षमा गत आर्थिक वर्षको तुलनामा मृतकको संख्या केही कम देखिए पनि डुबेर बालबालिकाले अकालमै ज्यान गुमाउने क्रम भने रोकिएको छैन। त्यसअघि आर्थिक वर्ष २०८०/८१ मा ११० जना तथा आर्थिक वर्ष २०७९/८० मा ८२ जना बालबालिकाको डुबेर मृत्यु भएको थियो। मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी प्रभु प्रसाद ढकाल प्रदेशको आठवटै जिल्लामा वर्षाको बेला पानी पर्ने र पोखरी, नाला, नहरहरुमा झाड पलाएको अवस्थामा बालबालिकाले गहिराइको अवस्था नपाएर डुब्ने गरिएको बताउँछन् । 'मधेश प्रदेशका जिल्लाहरुमा सुगम र दुर्गम क्षेत्रहरु छन्। वर्षाको बेला पानी पर्ने र पोखरी, नाला, नहर हरुमा झाड पलाएको अवस्था हुन्छन्। त्यमा गहिराइको अनुभव बालबालिकाले थाहा नपाउने र पसेपछि डुब्ने गरेको विगतको घटनाको प्रकृतिहरुबाट देखिएको छ' उनले भने।

**किन भइरहेछ यस्तो ?**

बालबालिका डुबेर मृत्यु हुने क्रम बढ्नुमा गाउँ-गाउँमा रहेका माछा पोखरी, नुहाउने तथा लुगा धुने पोखरी, विकास निर्माणका लागि खनेर छाडिएका खाल्डाखुल्डी तथा निजी जग्गा, खोला र नदी किनारबाट माटो तथा ग्राभेल उत्खनन गरी छाडिएका खाल्डाहरू प्रमुख कारण बनेका छन्।

मधेशका कमला, औरही, रातु, बागमतीलगायत प्रायः सबै नदी किनारमा स्थानीय सरकार र प्रहरी प्रशासनकै मिलेमतोमा ग्राइभेल उत्खन्न भएको गहिरा खाल्डा पर्याप्त देख्न सकिन्छ। यस्तै सडक निर्माणको क्रममा छेउबाट माटो झिकेको खाल्डोहरु पनि मधेशमा धेरै छन्। ती खाल्डाहरू वर्षायाममा पानीले भरिएपछि बालबालिकाका लागि ठूलो जोखिम बन्छन् । खेल्ने क्रममा सामान्य पानी ठानेर पस्ने बालबालिका गहिराइको अनुमान गर्न नसक्दा डुबेर ज्यान गुमाउने गरेका छन्। यस्ता खाल्डाखुल्डीको व्यवस्थापनमा स्थानीय सरकार र सम्बन्धित निकाय गम्भीर नदेखिएको आम जगुनासो छ । उत्खनन् रोक्न नसक्ने र उत्खननपछि खाल्डा व्यवस्थापन गर्न पनि बेवास्ता गर्ने प्रवृत्तिका कारण गरिब तथा मध्यमवर्गीय परिवारका बालबालिका सबैभन्दा बढी जोखिममा परेका छन् । पछिल्लो समय निजी जग्गाबाट माटो र ग्राभेल बिक्री गर्ने क्रम पनि बढेको छ। २५/३० फिटसम्म गहिरा खाल्डा खनेर खुला छाड्ने प्रवृत्ति पनि छ । यसमाथि प्रभावकारी नियमन गर्न सरकारले अझै सकिरहेको छैन । विकास निर्माणका क्रममा सडक छेउमा खनिएका खाल्डाले पनि बालबालिकाको ज्यान लिइरहेको छ।

यस्ता दुर्घटनाको शिकार प्रायः गरिब तथा विपन्न परिवारका बालबालिका बन्ने गरेका छन् । अभिभावक दैनिक जीविकोपार्जनका काममा व्यस्त हुँदा बालबालिका खेल्दै त्यस्ता जोखिमयुक्त स्थानमा पुग्ने र दुर्घटनामा पर्ने गरेको देखिन्छन्।

यी घटनाको न्यूनीकरणका लागि तीनै तहका सरकारले अपेक्षित पहल गर्न नसकेको देखिन्छ । सबभन्दा बढी जिम्मेबार स्थानीय सरकार हुनु पर्ने हो । सिरहाका प्रहरी प्रवक्ता रमेश पाल भन्छन्, 'हामीले बैठक तथा छलफलहरूमा बालबालिका डुब्ने सम्भावित जोखिमका कुरा उठाइरहेका हुन्छौं। यसमा सबभन्दा बढी ध्यान स्थानीय सरकारले दिनु पर्ने हो । सचेतना फैलाउनु पर्ने हो। यसले घटनाहरु न्यूनीकरण हुन सक्छ।'

मधेश मामिलाका जानकार तुलानारायण साह मधेशमा बालबालिका डुबेर हुने अधिकांश मृत्यु वर्गीय समस्यासँग जोडिएको बताउँछन्। 'डुब्ने घटनामा प्रायः गरिब परिवारका बालबालिका पर्दै आएका छन् । सम्पन्न परिवारले बालबालिकाको राम्रो रेखदेख गर्न सक्छन्,' उनले भने, 'तर गरिब परिवारका अभिभावक जीविकोपार्जनमा व्यस्त हुँदा बालबालिका खेल्ने क्रममा पोखरी, नाला र खाल्डाखुल्डीमा पुगेर दुर्घटनामा पर्ने गरेका छन् ।' उनले यस्ता घटनामा राज्य र सरोकारवाला जिम्मेवार हुनुपर्ने पनि बताए । मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी प्रभु प्रसाद ढकालका अनुसार वर्षायाममा बालबालिका डुब्ने घटनाप्रति सबै पक्ष सचेत हुन आवश्यक छ । 'अभिभावकले बालबालिका कहाँ गएका छन्, के गरिरहेका छन् भन्ने विषयमा निरन्तर निगरानी राख्नुपर्छ,' उनी भन्छन्, 'घरवरिपरिका नाला, पोखरी र खाल्डाखुल्डी सफा गर्ने, आवश्यक स्थानमा पुर्ने तथा तारबार लगाउने काममा समुदायको सक्रिय सहभागिता आवश्यक छ।' एसपएसपी ढकालका अनुसार प्रदेश प्रहरी कार्यालयदेखि जिल्ला, इलाका र प्रहरी चौकीसम्मका इकाइले टोलटोलमा पुगेर डुब्ने जोखिमबारे जनचेतना अभियान सञ्चालन गरिरहेका छन्। यस्ता जोखिम न्यूनीकरणका लागि पालिका, वडा तहबाटै सचेतना कार्यक्रम सञ्चालन हुनुपर्ने उनको भनाइ छ।

सूचना, समाचार र मनोरञ्जनका लागि

सामुदायिक रेडियो दर्पण

८८.४ मेगाहर्ज

बिहान ५ बजेदेखि राति ११ बजेसम्म

समाचार, विज्ञापन, सल्लाह
सुझाव र प्रतिक्रियाको लागि

सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

# गोली हानी डकैती गर्ने तीन जना पक्राउ

**जलेश्वर, असार २९ गते ।** महोत्तरीको सोनमा गाउँपालिका-३ खखनामा गत जेठ २० गते पतिपत्नीलाई गोली हानी डकैती गरेको अभियोगमा तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सम्सी गाउँपालिका-६ का २१ वर्षीय अपरोज शेष, २४ वर्षीय शेष बारिक र गौशाला नगरपालिका-५ का क्रिशकुमार मेस्तर रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले बताए ।

पक्राउ परेका तीन जनासहितको डाँका समूहले स्थानीय रामविश्वास यादवको घरमा सुतिरहेका उनकी छोरी किरण यादवलाइ खुट्टामा दुई गोली र ज्वाइँ ईश्वरनारायण यादवलाई दाहिने हातमा एक गोली हानी घाइते बनाएको थियो । घाइते यादव दम्पतीको स्वास्थ्य अवस्था अहिले समान्य छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीले अभियुक्तहरुलाई पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ । यस घटनामा संलग्न अन्य फरार अभियुक्तको खोजतलास भइरहेको प्रहरीले जनाएको छ । रासस

# २१ खर्ब २० अर्ब रेमिट्यान्स भित्रियो

**काठमाडौं, असार २९ गते ।** चालु आर्थिक वर्ष २०८२/८३ को ११ महिनामा विप्रेषण आप्रवाहमा उल्लेख्य वृद्धि भएको छ । नेपाल राष्ट्र बैंकले सोमवार सार्वजनिक गरेको चालु आवको जेठ मसान्तसम्मको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीयस्थिति प्रतिवेदनअनुसार गत जेठ मसान्तसम्म विप्रेषण आप्रवाह ३८ दशमलव दुई प्रतिशतले वृद्धि भई रु २१ खर्ब २० अर्ब ८० करोड पुगेको छ ।

गत जेठमा मात्र विप्रेषण आप्रवाह दुई खर्ब तीन अर्ब ८९ करोड रहेको छ । अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह एक खर्ब ७६ अर्ब ३२ करोड थियो । प्रतिवेदनअनुसार यो अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) २३ दशमलव २१ अर्ब सात करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय १६ खर्ब ६९ अर्ब ५१ करोड रहेको थियो ।

गत जेठ मसान्तसम्ममा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या तीन लाख ६७ हजार २११ र पुनः श्रम स्वीकृति लिनेको संख्या तीन लाख ५५ हजार ७३५ रहेको राष्ट्र बैंकले जनाएको छ । रासस

# धार्मिक आस्थादेखि पर्यटन समृद्धितर्फ उन्मुख ऐतिहासिक नगरी जनकपुरधाम

राष्ट्रिय समाचार समिति

*महेन्द्रनगर, असार २९ गते ।*



मिथिलाको ऐतिहासिक राजधानी तथा माता सीताको जन्मभूमिका रूपमा विश्वभर परिचित जनकपुरधामले पछिल्ला वर्षमा धार्मिक आस्थाको केन्द्रबाट पर्यटन, संस्कृति, व्यापार र स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधारका रूपमा आफ्नो पहिचान विस्तार गर्दै गएको छ । प्रत्येक वर्ष लाखौँ स्वदेशी तथा विदेशी श्रद्धालु तथा पर्यटकको आगमनले जनकपुरधामलाई नेपालको धार्मिक पर्यटनको प्रमुख केन्द्रका रूपमा स्थापित गरिरहेको छ ।

जानकी मन्दिर, राम मन्दिर, विवाह मण्डप, धनुषसागर, गंगासागर, विभिन्न प्राचीन मठ-मन्दिर, मिथिला कला, परम्परागत संस्कृति र धार्मिक उत्सवले जनकपुरधामको पहिचानलाई अन्तर्राष्ट्रिय स्तरमा पु¥याएका छन्। विशेषगरी भारतसँगको सांस्कृतिक सम्बन्ध, राम-जानकी विवाह परम्परा र विवाहपञ्चमी महोत्सवले धार्मिक पर्यटनलाई थप जीवन्त बनाएको छ ।

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनकपुरधाम धार्मिक आस्थाको केन्द्र मात्र नभई प्रदेशको आर्थिक विकासको प्रमुख आधार बन्न सक्ने बताए । धार्मिक पर्यटनलाई रोजगारी, लगानी र स्थानीय उत्पादनसँग जोडेर अघि बढाउने प्रदेश सरकारको नीति रहेको उनको भनाइ छ ।

पर्यटन पूर्वाधार विस्तार, सडक सुधार, सरसफाइ, सुरक्षा तथा पर्यटकमैत्री वातावरण निर्माणलाई प्रदेश सरकारले प्राथमिकता दिएको उनले उल्लेख गरे । जनकपुरधामलाई अन्तर्राष्ट्रिय धार्मिक पर्यटन गन्तव्यका रूपमा विकास गर्न मन्त्रालयले दीर्घकालीन योजना कार्यान्वयन गरिरहेको उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिष पटेलले बताए ।

जनकपुर-अयोध्या धार्मिक सर्किट, निजी क्षेत्रसँगको सहकार्य, पर्यटन पूर्वाधार विस्तार तथा मिथिला संस्कृतिको अन्तर्राष्ट्रिय प्रवर्द्धन सरकारको प्राथमिकतामा रहेको उनले जानकारी दिए । हिन्दू धर्मावलम्बीको प्रमुख तीर्थस्थलका रूपमा रहेको जानकी मन्दिरमा दैनिक हजारौँ श्रद्धालुले दर्शन गर्ने गरेका छन् । दैनिक हुने गंगाआरती, विवाहपञ्चमी, रामनवमी, जानकी नवमी, झूलनोत्सव, दीपावली र छठजस्ता पर्वमा यहाँ लाखौँ श्रद्धालुको उपस्थिति रहने गर्दछ । जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोषण दास वैष्णवले जनकपुरधाम सम्पूर्ण हिन्दू समुदायको आस्थाको केन्द्र भएकाले यसको धार्मिक गरिमा, मौलिकता र सम्पदाको संरक्षणमा सबै पक्षले साझा जिम्मेवारी निर्वाह गर्नुपर्ने बताए ।

महन्त राम तपेश्वर दास वैष्णवले जनकपुरधाम धार्मिक आस्था मात्र नभई मिथिला सभ्यता, संस्कृति र आध्यात्मिक जीवनदर्शनको केन्द्र भएको बताए । धार्मिक पर्यटनलाई संस्कृति संरक्षणसँग जोडेर अघि बढाउनुपर्ने उनको धारणा छ । राम-जानकीसँग सम्बन्धित सम्पूर्ण धार्मिक स्थललाई एउटै धार्मिक पर्यटन मार्गका रूपमा विकास गर्न सके जनकपुरधाम विश्वस्तरीय गन्तव्य बन्न सक्ने सम्भावना रहेको उनले बताए । जनकपुरधाम धार्मिक पर्यटनसँगै सांस्कृतिक पर्यटनको पनि महत्वपूर्ण केन्द्र हो । मिथिला चित्रकला, मैथिली भाषा, लोकसंस्कृति, परम्परागत वेशभूषा, स्थानीय परिकार तथा सांस्कृतिक सम्पदाले पर्यटकलाई आकर्षित गरिरहेका छन् । विशेषगरी मिथिला चित्रकलाले अन्तर्राष्ट्रिय बजारमा समेत छुट्टै पहिचान बनाएको छ । जनकपुरधामको महत्व धार्मिक पर्यटनमा मात्र सीमित नरही मिथिला

- बाँकी पृष्ठ ३ मा

# सञ्चार क्षेत्रको अवस्था, चुनौती र आगामी दिशाबारे छलफल

राष्ट्रिय समाचार समिति

*काठमाडौं, असार २९ गते ।*



सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले डिजिटल मिडिया सञ्चालकहरूको छाता संस्था ‘डिजिटल मिडिया सोसाइटी’ सँग सञ्चार क्षेत्रको वर्तमान अवस्था, चुनौती तथा आगामी नीतिगत सुधारका विषयमा छलफल गरेको छ ।

सोमवार मन्त्रालयमा भएको छलफलमा सञ्चारमन्त्री डा. तिमिल्सिनाले सञ्चार जगत बलियो नभई लोकतन्त्र बलियो हुन नसक्ने उल्लेख गर्दै यस क्षेत्रका विद्यमान समस्याहरुको समाधानका लागि सरकार तयार रहेको बताए ।

पत्रकारिता क्षेत्रलाई अझ बलियो, संस्थागत, विश्वसनीय र

- बाँकी पृष्ठ २ मा

# महोत्तरीमा धान रोपाइँ २५ प्रतिशत

नागेन्द्रकुमार कर्ण

*महोत्तरी, असार २९ गते ।*

महोत्तरीमा हालसम्म २५ प्रतिशत मात्रै धान रोपाइँ भएको छ । असार अन्तिमसम्म करिब ३० प्रतिशत धान रोपाइँ भइसक्नुपर्ने भए पनि समयमा पर्याप्त वर्षा नभएका कारण रोपाइँ अपेक्षित गतिमा हुन नसकेको कृषि ज्ञान केन्द्र महोत्तरीले जनाएको छ । केही दिनयता भइरहेको वर्षाले अब धान रोपाइँले गति लिने केन्द्रका प्रमुख देवानन्द राय यादवले बताए ।

महोत्तरीमा ४० हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ । हालसम्म २५ दशमलव ३९ प्रतिशत अर्थात् १० हजार १५८ हेक्टर क्षेत्रफलमा मात्रै धान रोपाइँ भएको छ ।

जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकामध्ये औरही र बलवा नगरपालिकामा सबैभन्दा बढी ५० प्रतिशतभन्दा बढी धान रोपाइँ भएको छ भने मनराशिसवा नगरपालिकामा सबैभन्दा कम पाँच प्रतिशत मात्रै रोपाइँ भएको छ ।

सिँचाइको समस्याका कारण धान रोपाइँमा ढिलाइ भएको देखिएको कृषि ज्ञान केन्द्रका प्रमुख यादवले बताए । पानी पर्न थालेसँगै अब रोपाइँको क्षेत्रफल बढ्ने उनको भनाइ छ ।

महोत्तरीमा कुल एक लाख २ सय हेक्टर क्षेत्रफलमध्ये ७१ हजार ५१७ हेक्टर खेतीयोग्य जमिन रहेको छ । सो मध्ये ६४ हजार ९७७ हेक्टरमा खेती हुने गरेको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ । खेती हुने क्षेत्रफलमध्ये २० हजार ८२५ हेक्टरमा मात्रै वर्षभरि सिँचाइ सुविधा उपलब्ध रहेको छ ।

जलेश्वर नगरपालिका-४ का किसान नथुनी महतोले भूमिगत पानीको स्रोत सुक्दै जानु, मलखादको अभाव, बालीमा कीरा लाग्नु र नियमित वर्षा नहुनुलगायत कारणले खेती प्रभावित हुँदै आएको बताए । उनले सिँचाइको उचित व्यवस्थापन भएको भए समयमै धान रोपाइँ गर्न सकिने बताए ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिवास, महोत्तरी

044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री